# लेखापरीक्षण प्रतिवेदन

## मष्टा गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मष्टा गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/26

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
मष्टा गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
बझाङ।

**कैफियतसहितको राय।**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.७ करोड ६२ लाख २३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.७८ लाख ८८ हजार, राष्ट्रपति

महिला सशक्तिकरण परियोजना कार्यक्रमको रू.८९ लाख, पर्यटन पूर्वाधार विकास आयोजनाको रू.१ करोड १२ लाख ४३ हजार र सामाजिक विकास कार्यक्रमको रू.३ लाख ७५ हजार समेत गरी रु.९ करोड ६६ लाख २० हजार समावेश गरेको छैन।

२. गाँउपालिकाको रू.१ अर्व ६ करोड ९९ लाख ३३ हजार लेखापरीक्षण गरिएकोमा रू.१ करोड ६१ लाख ४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रू.२४ लाख ९५ हजार प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू.२ लाख ९२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३२ लाख ३० हजार, नियमित गर्नुपर्ने रु.९८ लाख १२ हजार र पेस्की बाँकी रू.२ लाख ७५ हजार रहेको छ। गत वर्षसम्म रू.१२ करोड ६७ लाख ४१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.१४ करोड ३ लाख ५० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी मष्टा गाँउपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, गाँउपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।

लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४३ | ४५ | १,६१,०४,५४९ | ० | १ | २४,९५,३६९ | ० | ४३ | ४४ | १,३६,०९,१८० | २,९१,८६० | ९८,१२,५१४ | ३२,२९,८०६ | ० | ० | १,३०,४२,३२० | २,७५,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | १२६७४१००० | ० | ० | १२६७४१००० | ० | १,३६,०९,१८० | १४०३५०१८० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३८ | पाम्समा जिन्सी दाखिलाः | २४,९५,३६९ |
| जम्मा | | | | २४,९५,३६९ |

# (८०७७०५०८३०० - मष्टा गाउँपालिका, बझाङ )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले मष्टा गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल १०९.२४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको तथा १४,९५१ जनसंख्या रहेको र हाल ७ वटा वडाहरुमा विभाजन गरिएको र सभा सदस्य संख्या ३८ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१३ देखि २०८१।०५।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१ अर्ब ६ करोड ९९ लाख ३३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१६०१९२।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | विभिन्न बढी भुक्तानी | १६०१९२।०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम मष्टा गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनको क्रममा भएका व्ययहरुको आर्थिक वर्ष २०८०।८१ मा प्राप्ति र भुक्तानी हिसाबको संक्षिप्त अवस्था देहाय बमोजिम रहेको छ।

| मष्टा गाउँपालिका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृतवार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) आ व २०८०।८१ | | | | | | | | |
| क्र.स./ आर्थिकसङ्केत | विवरण | टिप्पणीनं | चालुआ.ब.को कारोबार | | | गतआ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी(सोफै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोफै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्यप्राप्ति | | | | | | | |
| ११००० | कर | | ६,७४,९२,५९६.४७ | ० | ६,७४,९२,५९६.४७ | ६,५६,४६,७२९.५४ | ० | ६,५६,४६,७२९.५४ |
| १३००० | अनुदान | | ३३,४३,३७,६२४.०८ | ० | ३३,४३,३७,६२४.०८ | ३७,३९,५९,६४१.७८ | ० | ३७,३९,५९,६४१.७८ |
| १४००० | अन्य राजस्व | | १०,६९,८७९.४८ | ० | १०,६९,८७९.४८ | १४,४८,०००.०० | ० | १४,४८,०००.०० |
| क | कुल जम्मा प्राप्ति | | ४०,२९,००,१००.०३ | | ४०,२९,००,१००.०३ | ४४,१०,५४,३७१.३२ | | ४४,१०,५४,३७१.३२ |
| ३ | चालु | | २९,३७,३३,८४४.८३ | ० | २९,३७,३३,८४४.८३ | २९,८३,०८,४७८.७२ | ० | २९,८३,०८,४७८.७२ |
| २१००० | पारिश्रमिक / सुविधा | | १६,०८,३९,३९८.६५ | ० | १६,०८,३९,३९८.६५ | १६,२५,०३,३२०.४८ | ० | १६,२५,०३,३२०.४८ |
| २२००० | मालसामान तथा सेवाकोउपयोग | | ११,६६,६६,२५४.२० | ० | ११,६६,६६,२५४.२० | ११,४३,०१,३६८.०४ | ० | ११,४३,०१,३६८.०४ |
| २५००० | सहायता (Subsidy) | | १,०३,१५,७९६.९८ | ० | १,०३,१५,७९६.९८ | १,५८,६२,३२२.२० | ० | १,५८,६२,३२२.२० |
| २७००० | सामाजिक सुरक्षा | | ४०,८४,५४५.०० | ० | ४०,८४,५४५.०० | ४९,८५,२६८.०० | ० | ४९,८५,२६८.०० |
| २८००० | अन्य खर्च | | १८,२७,८५०.०० | ० | १८,२७,८५०.०० | ६,५६,२००.०० | ० | ६,५६,२००.०० |
| ४ | पूंजीगत | | १०,५६,६२,४३६.०० | ० | १०,५६,६२,४३६.०० | १५,०५,१९,३३७.०० | ० | १५,०५,१९,३३७.०० |
| ३१११० | भवन तथा संरचना | | ३२,७९,९२५.०० | ० | ३२,७९,९२५.०० | २,८२,३२,१११.०० | ० | २,८२,३२,१११.०० |
| ३११२० | सवारी साधन, मेशिनरीऔजार, फर्निचर्स तथा फिक्चर्स | | ४१,९४,७७६.०० | ० | ४१,९४,७७६.०० | ३६,६७,१३१.०० | ० | ३६,६७,१३१.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १९,९९,९२२.०० | ० | १९,९९,९२२.०० | २२,९४,७५४.०० | ० | २२,९४,७५४.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ८,७३,४८,७९४.०० | ० | ८,७३,४८,७९४.०० | ११,१६,६८,८४५.०० | ० | ११,१६,६८,८४५.०० |
| ३११६० | निर्मितसरचनाको सुधारखर्च | | ८८,३९,०१९.०० | ० | ८८,३९,०१९.०० | ३४,८६,४०७.०० | ० | ३४,८६,४०७.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | ११,७०,०८९.०० | ० | ११,७०,०८९.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ३९,९३,९६,२८०.८३ | | ३९,९३,९६,२८०.८३ | ४४,८८,२७,८१५.७२ | | ४४,८८,२७,८१५.७२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ३५,०३,८१९.२० | | ३५,०३,८१९.२० | (७७,७३,४४४.४०) | | (७७,७३,४४४.४०) |
| घ) | धरौटी, आकस्मिक कोषलगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | २,८५,५९३.५२ | | २,८५,५९३.५२ | ३६,५६,४१३.११ | | ३६,५६,४१३.११ |
| घ.१) | कट्टी रकमभुक्तानी/ दाखिला गर्न बाकी | | (१,८३,९८१.५६) | | (१,८३,९८१.५६) | (३,९१,५८३.५४) | | (३,९१,५८३.५४) |
| ङ) | यस आ.ब.को नगद तथा बैंकमौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ३७,८९,४१२.७२ | | ३७,८९,४१२.७२ | (४१,१७,०३१.२९) | | (४१,१७,०३१.२९) |
| च) | गत आ.व.को नगद तथा बैंकमौज्दात | | ७६,२७,७६१.८८ | | ७६,२७,७६१.८८ | १,१७,४४,७९३.१७ | | १,१७,४४,७९३.१७ |
| छ) | विनिमय नाफा/घाटा | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथाअन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगदतथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १,१४,१७,१७४.६० | | १,१४,१७,१७४.६० | ७६,२७,७६१.८८ | | ७६,२७,७६१.८८ |

## ३ वित्तीय प्रतिवेदन

३.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले स्वीकृत भएको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या र सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन गरी प्राप्ती र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरेको (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ

३.२ **वित्तीय विवरणको यथार्थता** – पालिकाले सञ्चित कोषको आर्थिक कार्यप्रणालीको लेखाङ्कन स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा ल्याएको छ भने अन्तर सरकारी अख्तियारीको कारोबार CGAS सफ्टवेयरबाट गरेको छ तर वित्तीय विवरण तयार गर्दा CGAS को कारोबार सामाजिक सुरक्षा तथा संरक्षणमा रु. ७,६२,२३,५८२।७१, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु. ७८,८८,२८९।००, राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रममा रु. ८९,००,०००।००, पर्यटन पूर्वाधार विकास आयोजनामा रु.१,१२,४३,३३७।०० र सामाजिक विकास कार्यक्रममा रु. ३,७५,०००।०० गरी रु. ९,६६,२०,२०८।७१ एकिकृत वित्तीय विवरण (२७०) मा समावेश गरेको छैन । सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.३ **जिन्सी तथा सम्पत्ति** – पालिकाको जिन्सी तथा सम्पत्तिको सफ्टवेयर प्रणालीमा अभिलेख भएको सम्पत्ति वित्तीय विवरणको टिप्पणी ११ मा समावेश भएको देखिएन ।

३.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार फरक रु ४०११३९।४४ देखिएकोले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| चालुखर्च | ० | ४०७१९५८.३१ | ४०७१९५८.३१ |
| पुजिगत खर्च खाता | ० | २९९०९८७.०७ | २९९०९८७.०७ |
| आन्तरिक राजस्व खाता | ० | २७४९३०.०० | २७४९३०.०० |
| प्रकोष ब्यबस्थापन | १३२३४३१.५५ | १३२३४३१.५५ | ०.०० |
| विविध खर्च खाता | १३८८३८.८७ | १३८८३८.८७ | ०.०० |
| स्थानीय तह धरौटी खाता | ३०१८१६८.२४ | ३०१८१६८.२४ | ०.०० |
| स्थानीय तह सञ्चित कोष खाता | ६९३६७३५.९४ | ० | -६९३६७३५.९४ |
| जम्मा | ११४१७१७४.६० | ११८१८३१४.०४ | ४०११३९.४४ |

३.५ **कट्टी रकम भुक्तानी/दाखिला**– पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १,८३,९८१.५६ न्युन मौज्दात देखाएको छ । यकिन भई नसकेको कर वढि दाखिला रकमको एकिन गरी हिसाव मिलान हुनुपर्दछ ।

३.६ **खर्च बिश्लेषण-** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. २५,०२,५३६.०० राजस्व बाँडफाँट र अनुदानबाट रु. ४०,३५,४६,१४८।६५ समेत रु. ४०,६०,४८,६८४।६५ आम्दानी भएकोमा चालु तर्फ रु. २९,४०,०६,३६७।३९ र पूँजीगत तर्फ रु. १०,५६,६२,४३६.०० समेत रु. ३९,९६,६८,८०३।३९खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ८१,९५,३४८।९६ खर्च भएको छ जुन आन्तरिक आयको ३२७.४८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७२.८५ प्रतिशतचालु खर्च भएकोमा २६.०२२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिएकोले आन्तरिक आयको स्रोत बृद्धि गरीप्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।

वजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा आवधिक योजना तयार गरेको भएपनि बार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा सो अनुसरण गरेको पाइएन।
- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन।
- दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

खरिद व्यवस्थापन तर्फ

- सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक खरिद नियमावली तयार गरेको देखिएन ।
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरी आबश्यक कारवाही गरेको देखिएन ।
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको देखिएन ।

शिक्षातर्फ

- प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप तथा उपक्रियाकलापसहितको त्रैमासिक तथा वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाइनमा आधारित सफ्टवेयरमा प्रविष्टि गर्ने ब्यबस्था भएकोमा सफ्टवेयरमा प्रविष्टि गरेको देखिएन ।
- सामुदायिक विद्यालयका शिक्षकसँग स्थानीय तहले कार्यसम्पादन करार गरी कार्यसम्पादन स्तरलाई वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था भएकोमा कार्यसम्पादन करार गरेको देखिएन ।
- विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ को नं. (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावधिक गरेको छैन ।

विविध तर्फ

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको कोष, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ ।

## ५ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाहरुले प्रत्येक बर्ष मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन, खुद वचत सम्वन्धि नीति र योजना लगायत अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) र सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र दर्ता भएका १२ वटा कृषि तथा वहुउदेश्यीय सहकारी र डिभिजन सहकारीमा दर्ता भै पालिकामा हस्तानतरण भएका कृषि, वहुउदेश्यीयवचत तथा ऋण सहकारी समेत हस्तान्तरण भएका १५ वटा समेत २७ सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार गरेको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ, ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

## ६ बजेट तथा कार्यक्रम

६.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकीय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा समितिले २०८०।१।८ वजेटको प्रक्षेपण गरिएको भएपनी प्रमुख प्रशासकीय अधिकृतबाट महाशाखा तथा वडालाई सोको जानकारी दिएको पाइएन । ऐनमा व्यवस्था भएअनुसार तोकीएको समयमा बजेट सीमा निर्धारण गरी यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.२ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ४२ करोड ३९ लाख ८९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।३।२६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको अवस्था देखिएकोले ९ दिन ढिलो गरी खर्च गर्ने अख्तियारी दिएको देखियो। समयमै बजेट पारित पश्चात कार्यक्रम त्रैमासिक रुपमा बजेट कार्यान्वयन गर्नुपर्दछ ।

६.३ **योजना तथा वजेट कार्यान्वयन** – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- **कार्य प्रगति**- पालिकाले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, तथा केन्द्रीय स्तरका योजनाको नियम स्वीकृत ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।

- **त्रैमासिक खर्च अवस्था-** आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो। कुल पुँजीगत खर्च रु.१० करोड ५६ लाख ६२ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.३५ लाख ९१ हजार, दोश्रो त्रैमासिकमा १ करोड २९ लाख ९१ लाख, तेश्रो त्रैमासिकमा २ करोड ५२ लाख ४४ हजार, चौथो त्रैमासिकमा६ करोड ३८ लाख ३६ हजार र आषाढ महिनामा ३ करोड ७४ लाख ५६ हजार देखिन्छ। चौथो त्रेमासिकखर्च ६०.४१ प्रतिशत र आषाढ महिनाको खर्च ३५.४४ प्रतिशत रहेकोले वर्षान्तमा खर्च दर उच्च रहेको छ ।त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ।

- **रकमान्तर**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुजिगत शिर्षकमा पच्चिस प्रतिशत नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ। त्यस्तै, अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा २९ मा वजेटमा पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख छ । पालिकाले यसबर्ष समानिकरण अनुदानका कार्यक्रममा कार्यक्रम संसोधन गरी रु.१९,३५,२७८।०० रकमान्तर गरेको छ। वजेट तथा कार्यक्रम स्वीकृत भैसकेपछि सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा योजना संसोधन गरी रकमान्तर गर्नु र पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्नु उचित देखिएन।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ, पालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६.४ **योजनाको प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ८६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३० | १३ | १७ | ० |
| २ | वडास्तरीय | ५६ | ० | २ | ५४ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी, यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८५ योजनामात्र कार्यान्वियन भई १ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ, पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

६.५ **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेशगर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष अध्यक्ष सँग उद्यमशीलता कार्यक्रममा रु.२५,००,०००।०० र उपाध्यक्ष सँग उद्यमशीलता कार्यक्रममा रु.२०,००,००० गरी रु.४५,००,००० अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको निर्णय गराई योजना छनौट हुने गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्नु उपयुक्त होइन। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन। तसर्थ, बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

६.६ **बार्षिक खरिद योजना** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा बार्षिक खरिद योजना बनाई खरिदको सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद बिधि समेत खुलाउनुपर्ने ब्यबस्था छ। पालिकाले यो वर्ष देहायका खर्च शिर्षकमा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने गरी रु.१,३५,३५,०००।०० वजेट विनियोजन गरी रु.१,३१,१०,१३०।०० खर्च गरेकोमा वार्षिक खरिद योजना बनाएको पाइएन। अत: खरिद सम्वन्धी नियमको उल्लेखित ब्यबस्था अनुसार खरिद योजना तयार गरी खरिद कार्य गर्नुपर्दछ।

| खर्च कोड | खर्च शिर्षक | वजेट | खर्च |
|---|---|---|---|
| २२२१३ | सवारी साधन मर्मत खर्च | १४,००,०००।०० | १३,३९,०४।०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ८०,४८,०००।०० | ७६,८६,५३८।०० |
| २७२१३ | औषधी खरिद खर्च | ४०,८७,०००।०० | ४०,८४,५४५।०० |
| जम्मा | | १,३५,३५,०००।०० | १,३१,१०,१३०।०० |

६.७

**दायित्व सिर्जना र भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानीदिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ । पालिकाले नियमित तथा चालु प्रकृतिका र पूँजीगत खर्च समेतको गत वर्षको भुक्तानी दिन बाँकी दायित्व रु. २५,००,०००।०० बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गरेको देखिएन ।

## ७ अनुदान प्राप्ती, र उपयोग

७.१ **समानीकरण अनुदानबाट प्रशासनिक खर्च** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने उल्लेख छ ।त्यस्तै, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा स्थानीय तहले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग ( कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ । उक्त ऐन र आयोगको मार्गदर्शन विपरित पालिकाले देहाय प्रशासनिक एवं सञ्चालन प्रकृतिका कार्यमा रु. १०५८४८४१.८४खर्च गरी भुक्तानी दिएको देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

| खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | वजेट खर्च |
|---|---|---|---|
| नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | ३२,५०,०००.०० | ३२,१३,८९८.८४ |
| २११३९ | अन्य भत्ता | ३,५०,०००.०० | २,३५,८००.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ७,००,०००.०० | ७,००,०००.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २,००,०००.०० | १,९९,९९९.० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २५,४०,०००.०० | २५,२८,१०९.० |
| २२४११ | सेवा र परामर्श खर्च | २०,००,०००.०० | १९,७१,८५०.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १६,००,०००.०० | १३,४१,९३५.० |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ३५,०००.०० | २०,०५०.०० |
| सुदुर पश्चिम प्रदेश - समानिकरण अनुदान : सुदुर पश्चिम प्रदेश - नगद अनुदान | | | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ५,००,०००.०० | ३,७३,२००.०० |
| जम्मा | | | १०५८४८४१.८४ |

७.२ **सवारी साधन कर वाडँफाँट** - राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा सवारी साधन बाँडफाँटको रकम उपयोग गर्दा सो रकमबाट स्थानीय सडकको मर्मतसम्भार तथा सडक ट्राफिक ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पूर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा प्राप्त भएको यस बर्षको सवारी साधन कर वाडँफाँट रकम आयोगले जारी गरेको मार्गदर्शनमा वमोजिम वजेट बिनियोजन नगरी देहाय खर्च शिर्षकमा रु.७,८२,०९६।०० विनियोजन गरी खर्च गरेको देखिएकोले नियमित हुनुपर्दछ।

| प्रदेश सवारी करबाट प्राप्त रकम | खर्च संकेत | खर्च शिर्षक | वजेट रकम | खर्च रकम |
|---|---|---|---|---|
| ७,८२,०९६ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५,००,०००.०० | ४,८८,०९६.०० |
| | २८१४२ | घरभाडा | २,९४,०००.०० | २,९४,०००.०० |

| | |
|---|---|
| अनियमित भएको | ७,८२,०९६ |

७.३ **समपुरक अनुदान**- संघ तथा प्रदेश समपुरक अनुदान कार्यविधि, २०७७ को दफा ६ मा समपुरक योजनावाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत रकम स्थानीय तहले समपुरक अनुदान व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले समपुरक अनुदान अन्तर्गत संघ र प्रदेशवाट प्राप्त अनुदानको ५० प्रतिशत पालिकाले व्यहोर्नु पर्ने र समपुरक रकम बर्षान्तमा वाँकी रहेमा सम्वन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा यो बर्ष समपुरक अनुदान वापत देहायको रकम प्राप्त भएकोमा सो बापत पालिकाले आफ्नो योगदान वापत म्याचिङ फण्डमा पुर्ण रुपमा रकम जम्मा गरेको पाइएन । यसले गर्दा संघ र प्रदेशको रकम मात्र खर्च भइ पालिकाको योगदान रहेको पाइएन । तसर्थ, पालिकाले व्यहोर्नुपर्ने रकम पालिका सञ्चित कोषमानै मौज्दात रहेकोले नपुग योगदानको रकम रु.२६६६५१५।९२सम्वन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| अनुदान दिने संघ/प्रदेश | योजनाको नाम | कार्य रकम | अनुदान खर्च रकम | पालिकाले नब्यहोरेको रकम |
|---|---|---|---|---|
| नेपाल सरकार - समपुरक अनुदान पूँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | पनाछल सिचाँइ कुलो | ११५०००२०।१५ | ७४८४७८५।०० | १२३४७७४।९२ |
| | काडापानी तलकोट सडक | ४४४५४६०।०० | ३९०६८९४।०० | १४३२०४१।०० |
| जम्मा | | | | २६६६५१५।९२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,६६,५१५.९२ |

## ८ संगठन तथा कर्मचारी व्यवस्थापन

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी पालिका गठन हुँदा संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दी बमोजिम कार्य सञ्चालन हुदै आएको छ । सो वमोजिम पालिकाको कुल कार्यपालिका र वडा तर्फ ४३ र स्वास्थ्य सेवा तर्फ २४ गरी ६७ कर्मचारी दरबन्दी रहेकोमा २०८१।०३।३१ सम्म गाउँकार्यपालिका र वडा तर्फ २० र स्वास्थ्य सेवा तर्फ २४जना गरि ४४ जनाको दरबन्दी स्थायी पदपूर्ति भई २३ पद रिक्त रहेको छ । पालिकाले प्रमुख प्रशासकिय अधिकृत १ र लेखा अधिकृत १ समेत २३ दरबन्दी समयमा पूर्ति नहुँदा पालिकाको कार्य सम्पादनमा असर परेको छ। रिक्त पदहरू पूर्ति गर्न प्रदेश लोक सेवा आयोगमा माग आकृती फाराम पठाई आयोगको सिफारिशको आधारमा पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

८.२ **करार कर्मचारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको श्रोत सुनिश्चितता गरी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न ६३ पदमा कर्मचारी करारमा राखी पारिश्रमिक रू. २करोड २५ लाख १५ हजार खर्च लेखेका छ । त्यसै गरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचेलगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ । यो वर्ष पालिकाले स्विकृत स्थायी दरवन्दिमा पदपुर्तिको लागी प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम नपठाई करारको म्याद थप गर्दै कार्य लगाई यस वर्ष रू. १२ लाख ५० हजार १०६ पारिश्रमिक भुक्तानी गरेकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

| **पद** | **करारमा कार्यरत कर्मचारी संख्या** | **मासिक तलव** | **वार्षिक तलव भत्ता रु.** |
|---|---|---|---|
| सव इन्जिनियर | २ | ६५४६०।०० | ८५०९८० |
| चौथो भेटनरी | १ | ३०७०२।०० | ३९९१२६ |
| जम्मा | | | १२५०१०६।०० |

## ९ कानून निर्माण एवं कार्यान्वयन

९.१ **कानून र सञ्चालन स्थिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।

जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, १ वटा नियमावली, ३० कार्यविधि ३ निर्देशिका लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्वियनमा ल्याएको छ । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहतथा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

९.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कुनै उजुरी नपरेकोले फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छैन ।

## १० सम्पत्ति उपयोग र संरक्षण

१०.१ **सम्पत्तिको उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहायका प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा देखिएको अवस्थाको व्यहोरा निम्न छ ।

| सम्पत्ति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | ५०८५ वर्गमिटर | मुल्य नखुल्ने | |
| सवारी साधन दुइ पाङग्रे | ११ | २५,०४,६०१।७८ | |
| सवारी साधन चार पाङग्रे | १ | ४९,४६,९०२।०० | पाम्समा नाम फरक |
| जे सि भि | १ | ५०,००,०००।०० | पाम्समा नाम फरक |
| एम्वुलेन्स | १ | | पाम्समा दाखिला नभएको |

- **इन्धनको अभिलेख** – पालिकाले यस बर्ष इन्धन (पदाधिकारी) रु. ७५,०००.०० र इन्धन (कार्यालय प्रयोजन)मा रु. १७,४९,१२७.००गरी रु. १८,२४,१२७।०० खर्च भएको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS मा राखिनुपर्दछ ।

- **उपकरण सञ्चालन कार्यबिधि-** पालिकामा रहेका जेसिवि एम्वुलेन्स लगायत मेशिनरी उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखेको पाईएन । एकातर्फ उक्त उपकरण सञ्चालनको पुर्ण रुपमा लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । उक्त उपकरणहरु सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण कार्यपालिकाको निर्णयवाट जे.सि.वि को हकमा जिन्सी ब्यवस्थापन शाखावाट र एम्वुलेन्सको हकमा स्वास्थशाखावाट ब्यबस्थापन हुने गरेको पाइयो । पालिकाको उपकरणहरु मार्फत

प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

- **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मिति २०८१।५।५ जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ। जिन्सी निरिक्षण पश्चात प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने आइटमका सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१०.२ **सार्वजनिक जग्गाको उपयोग**- सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धि मापदण्ड, २०७७ को दफा ३ मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र, सरकारी अस्पताल वा सरकारी प्रयोजनका लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भएपनि प्रयोग गर्न उपर्युक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपर्युक्त र आवश्यक देखिएमा नेपाल सरकारले प्रयोग गर्न स्विकृति दिन सक्ने व्यवस्था अन्तर्गत पालिकाले भवन निर्माण गर्दा स्वीकृति लिएको देखिएन ।

१०.३ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण** - स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ । पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सोको आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन । जसले गर्दा सार्वजनिक, पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सोको आधारमा सरकारी/सार्वजनिक जग्गाको एकीकृत अभिलेख राखी सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरिनुपर्दछ ।

## ११ आर्थिक सहायता र अन्य विविध खर्च

११.१ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाकोआन्तरिक आय रु.२५,०२,५३६.०० रहेकोमा विविध खर्च शिर्षकमा रु.३,६९,१२,०००।०० बजेट व्यवस्था गरी रु. ३,४७,२६,६३२।०० खर्च मध्ये खाजा खाना खर्चमा रु.९,३६,७५७खर्च गरेको छ । उक्त खर्चको बिलमा खाजा, खाना, नास्ता लगायत होटलको बिल पेश हुने गरेकोमा खर्च भएको कार्यको खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न रहेको देखिएन र अतिथि सत्कार खाजा,खाना खर्च सम्वन्धमा अर्थ मंन्त्रालयको मापदण्ड समेत लागु गरेको देखिएन । खर्चका प्रत्येक बिलमा खर्चको मापदण्ड समेत विचार गरी के, कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्न छन ।

| गोश्वरा भौचर | प्रयोजन | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १४९- २०८०।८।१७ | खाजा नास्ता | मष्टा किराना पसल | ९७००० |
| १५३- २०८०।८।१८ | खाजा नास्ता | गोर्वधन धामी | ९५००० |
| १५७ -२०८०।८।१८ | खाजा नास्ता | हरि धामी | ४५००० |
| ४३९- २०८१।१।२१ | कार्यक्रम मा खाजा नास्ता | सुनिता धमेना | ४८००० |
| ६३०- २०८१।३।१८ | विविध खर्च | भक्त कठायत | ७२८०० |
| ६९० -२०८१।३।२२ | खाजा नास्ता | हरि धामी | ४५००० |

११.२ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई आर्थिक अवस्था कमजोर भएका, विपदमा परेका, दिर्घरोगी , वाढीपिडितर क्यान्सर पिडितलाई रु. ८,२०,९३४।००. आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२५,०२,५३६.००को ३२.८० प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

## १२ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा मालसामान खरिद गर्न, सेवा उपलब्ध गराउन वा निर्माण सम्वन्धि कामका लागी व्यक्ति, फर्म वा कम्पनिलाइ पेश्की दिँदा प्रचलित कानुन वमोजिम वैकं ग्यारेन्टी लिइ पेश्की दिनुपर्ने र कार्यालयले सम्झौताको शर्त अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की वाहेक चालु आर्थिक वर्षको अन्तसम्ममा फस्यौंट हुन नसक्ने गरी कुनै पेश्की दिन नहुने व्यवस्था छ। त्यस्तै, नियम ५२(४) मा म्याद नाघेको पेश्कीलाई लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार म्याद नाघेको र ननाघेको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्यौंट हुन बाँकी रहेकोले नियमानुसार फछ्यौंट हुनुपर्ने देखिएको रु.

| पेश्की लिएको मिति | पेश्की लिनेको नाम | कार्य | पेश्की फस्यौट गर्नुपर्ने म्याद | पेश्की रकम म्याद नाघेको |
|---|---|---|---|---|
| ११/१८/२०८० | अनिल खड्का १ | भुकम्प पिडितहरुका लागि अस्थायी आवास निर्माण। | १२/२३/२०८० | २५,०००.०० |
| ११/१८/२०८० | कल्पना देवी खाति १ | | १२/२३/२०८० | २५,०००.०० |
| ११/१८/२०८० | तिपुरी देवी जेठारा १ | | १२/२३/२०८० | २५,०००.०० |
| १२/२१/२०८० | विस्ना देवि बोहरा | | ०१/२६/२०८१ | २५,०००.०० |
| १२/२१/२०८० | धर्मराज बोहरा ६ | | ०१/२६/२०८१ | २५,०००.०० |
| ०१/०९/२०८१ | जुनकिरी ग्वाल ५ | | ०२/१३/२०८१ | २५,०००.०० |
| ०१/०९/२०८१ | मधु देवी बोहरा५ | | ०२/१३/२०८१ | २५,०००.०० |
| ०१/०९/२०८१ | मधुकला बोहरा५ | | ०२/१३/२०८१ | २५,०००.०० |
| ०१/०९/२०८१ | राधा देवी कडायत५ | | ०२/१३/२०८१ | २५,०००.०० |
| ०२/०३/२०८१ | मधुकला बोहरा५ | | ०३/०६/२०८१ | २५,०००.०० |
| ०२/२४/२०८१ | भुन्टु बोहरा -६ | | ०१/२६/२०८१ | २५,०००.०० |
| जम्मा | | | | २,७५,०००.०० |

| | |
|---|---|
| पेश्की | २,७५,००० |

## १३ रसिद नियन्त्रण खाता

पालिकाले राजस्व असुलीमा प्रयोग हुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता ९०४ तयार गरी राख्नुपर्नेमा सो बमोजिम रसिद नियन्त्रण खाता राखेको छैन । जसबाट पालिका सँग रहेको विगतको बाँकी नगदी रसिद यस वर्ष छपाएका रसिद तथा यस वर्ष विभिन्न वडा तथा पालिकाको राजस्व शाखा लाई उपलब्ध गराएको रसिद के कति संख्यामा रहेका थिए के कति प्रयोगमा आई राजश्व दाखिला भएको एकिन गर्न सकिएन । साथै रसिद छपाइको अभिलेख समेत राखेको देखिएन । तसर्थ, पालिकाले रसिद बाट प्राप्त आम्दानी को समयमै एकिन गरी दाखिला गर्न वाँकी भए राजश्व दाखिला गर्नुपर्दछ

## १४ राजश्व दाखिला

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट सम्म बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाको देहाय वमोजिम आय दाखिला नभएकोले जरिवाना समेत हिसाव गरी दाखिला गर्नुपर्ने रु.

| रसिद नं | कर्मचारीको नाम | प्रयोग रसिद प्याड | रसिद बाट प्राप्त रकम | दाखिला रकम | असुली रकम |
|---|---|---|---|---|---|
| १ - १४५० | प्रयाग रोकाय | २९ ठेली | ७२५०००।०० | ७२००००।०० | ५०००।०० |
| जम्मा | | | | | ५,००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

१५ **जरिवाना**

जरिवाना- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोही दिन वा त्यसको भोलिपल्ट सम्म बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। तोकिएको समय भन्दा १० दिन ढिलो गरी दाखिला गरेमा दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना र सो भन्दा पनि ढिला गरेको भएमा १० प्रतिशत जरिवाना र कसुरको मात्रा अनुसार प्रचलित कानुन अनुसार विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको वडा नं ७ का वडा सचिव चक्र वहादुर रोकायाले संकलन गरेको वर्षभरीको जम्मा रकम ७१,९०० समयमा दाखिला नगरी वर्षको अन्तिम २०८१।३।२४ मा एकमुष्ठ दाखिला गरेको देखिएकोले सो रकम को १० प्रतिशतले हुन आउने रकम सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,१९० |

१६ **शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिकविद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै, शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्वीकृत रिक्त दरवन्दीको विवरण प्रत्येक ६ महिनामा शिक्षा विकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र शिक्षा विकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार आधारभुत र माध्यामिक गरी ९२ स्वीकृत शिक्षक दरवन्दी रहेकोमा ७५ जना पदपुर्ति भई १७ दरवन्दी रिक्त रहेको छ। पदपुर्तिको लागी माग आकृती फाराम पठाएको नदेखिएकोले शिक्षक सेवा आयोग नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

| सं. | विद्यालयको संख्या | स्वीकृत दरवन्दी आधारभुत तह १ देखि ५ | स्वीकृत दरवन्दी आधारभुत तह ५ देखि ८ | स्वीकृत दरवन्दी माध्यामिक तह ९ देखि १० | स्वीकृत दरवन्दी माध्यामिक तह ११देखि १२ | जम्मा स्वीकृत दरवन्दी | स्थायी पदपूर्ति | शिक्षण अनुदान कोटा राहत | संघिय शसर्त अनुदान (गणित विज्ञान) | प्राविधिक धार | पालिका अनुदान | जम्मा करारपदपुर्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३४ | ६५ | १० | ८ | ८ | ९२ | ७५ | ६२ | ८ | ८ | ० | ८६ |

१७ **विद्यालय समायोजन र दरबन्दी मिलान**

- शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार हिमाली जिल्लाको रुपमा रहेको यस पालिकामा शिक्षक-विद्यार्थी अनुपात न्युनतम ४ देखि ३९ सम्म २८ विद्यालय र अधिकतम ४० देखि ७९ सम्म ६ विद्यालय देखिएका छन । कानुनी व्यवस्था बमोजिम यस पालिकाले शिक्षक/विद्यार्थी अनुपात ४० हुने गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान गरिनुपर्दछ ।

| सि नं | विद्यालयकोनाम | कुल शिक्षक | विद्यार्थि संख्या | शिक्षक विद्यार्थि अनुपात |
|---|---|---|---|---|
| १ | मंगलमयआविवनगाड | १ | ३५ | ३५ |
| २ | माईतिवनराष्ट्रियआ.वि | ९ | १८६ | २१ |
| ३ | सरस्वती माविरनाडा | १० | २०० | २० |
| ४ | दुर्गादिवीआ. वि | ३ | ५४ | १८ |
| ५ | घचायामा.वि कोटदेवल | १४ | २६५ | १९ |
| ६ | सुर्मादिवीआ वि लेकी | ८ | ११९ | १५ |
| ७ | डाँडावागआ वि जिन्नाडा | २ | ४६ | २३ |
| ८ | नेपालराष्ट्रियआ.वि | २ | ८४ | ४२ |
| ९ | कालिकाआ वि आग्रा | ४ | १२३ | ३१ |
| १० | ऐकवरआविखेती | १ | ४९ | ४९ |
| ११ | कुलमष्टजनमा वि | २७ | ९१८ | ३४ |
| १२ | कुलनाननदेवआवि | २ | ३५ | १८ |
| १३ | भवानीआ वि भिन्मड | १ | ६५ | ६५ |
| १४ | यूवावर्षआ वि गैरिगाउँ | ३ | ७१ | २४ |
| १४ | मालिकाआ वि ढँडार | ४ | १३१ | ३३ |
| १६ | गिरशैनआविसेरागदाडा | ३ | ७४ | २५ |
| १७ | वालविकासआवि | ३ | ४७ | १६ |
| १८ | भैरवआ वि उकाली | ३ | ४७ | १६ |
| १९ | शारदामा वि तिनगाउँ | ११ | २४८ | २३ |
| २० | गौरिशंकरआवि | ३ | ६३ | २१ |
| २१ | शान्तिआ वि नौरा | २ | ४८ | २४ |
| २२ | भवानीआ वि वाडेगाउँ | १६ | २१० | ३५ |
| २३ | मष्टाआ वि तुती | ५ | २५२ | ५० |
| २४ | घटालदेवमंगलआवि | १ | ३५ | ३५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २५ | द्वारीकानाथआ वि द्वारी | ६ | २१६ | ३६ |
| २६ | जानकीआ वि किनाडा | ५ | १८९ | ३८ |
| २७ | कालिकाआविरिलु | ३ | २३८ | ७९ |
| २८ | रिलुचौरमा वि रिलु | १३ | ३९९ | ३१ |
| २९ | हिमालयआ वि ठकुन्ना | ४ | १७९ | ४५ |
| ३० | मालिकाआ वि दय | ५ | २५४ | ५१ |
| ३१ | कैलाशआ वि लटैन | ४ | १५६ | ३९ |
| ३२ | वेतालकोटभैरवआवि | १ | २२ | २२ |
| ३३ | धटालदेवआ वि ठाना | १ | २८ | २८ |
| ३४ | मालिकासामुदायिकआ वि | १ | ३५ | ३५ |

## १८ सामुदायिक सिकाइ केन्द्रमा अनुदान

कार्यक्रम सञ्चालन निर्देशिका, २०८०।८१ को सि.नं. ६.७ मा स्थानीय तहले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको स्थलगत निरीक्षण गरी तपसिलका मापदण्ड पूरा गरेका वार्षिक साधारण सभा भएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, गत आ.व.को खर्च स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको, सामुदायिक सिकाइ केन्द्रहरूलाई एकमुष्ठ रु. २ लाख ५० हजार रकम अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले तोकिएको मापदण्ड वमोजिम केन्द्रलेगरेका नियमित कार्यहरूको प्रतिवेदन र साधारण सभाबाट बजेट र कार्यक्रम पास गरेको, लेखापरीक्षण गरी प्रतिवेदनपेश गरेको प्रमाण वेगर देहाय वमोजिम अनुदान दिएकोले उल्लेखित प्रमाण लिएर मात्र अनुदान दिनुपर्दछ ।

| गो भौ नं | सामुदायिक केन्द्रको नाम | अनुदान रकम |
|---|---|---|
| ५।२०८०।६।१६ | भातेखोला सामुदायिक सिकाइ केन्द्र, कोटदेवल सामुदायिक सिकाइ केन्द्र, मष्टा सामुदायिक सिकाइ केन्द्र, मालिका सामुदायिक सिकाइ केन्द्र द्धरी समुदायिक सिकाइ केन्द्र | ५०००००।०० |
| २४१।२०८१।३।१५ | भातेखोला सामुदायिक सिकाइ केन्द्र, कोटदेवल सामुदायिक सिकाइ केन्द्र, मष्टा सामुदायिक सिकाइ केन्द्र, मालिका सामुदायिक सिकाइ केन्द्र द्धरी समुदायिक सिकाइ केन्द्र | ५०००००।०० |
| जम्मा | | १०,००,००० |

## १९ निशुल्क सेनिटरी प्याड

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को२.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूलाई १० महिनाको लागि निःशुल्क सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था एकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने र सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposal Machine नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सक्ने उल्लेख छ । पालिकाले ६-१२ का छात्रको लागी सेनेटरी प्याड प्रयोजनको लागी भेन्डिङ मेशिन गो.भौ.नं २६१।२०८१।३।१७ वाट थान रु. २,६७,०००।०० मा खरिद गरी ३ विद्यालयलाइ बितरण गरेको त्यस्तैगो.भौ.नं २६०। २०८१।३।१७ मा भद्रपशुपति प्याड उद्योगवाट ९७०० प्याड रु. ७,७२,६०५ मा

खरिद गरी विद्यालयलाइ वितरण गरेकोमा विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अनुगमन गरेको देखिएन । विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

२० **अनुपस्थित अवधिको वैठक भत्ता**

-२०८१।३।१४-२२८ आर्थिक कार्यविधि तथा वित्तीय नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । शैक्षिक तथा व्यवस्थापकीय पक्ष सुधारका लागि नमूना विद्यालय कुलमष्ट जन मा.वि भातेखोलामा भएको वैठक भत्ता उत्तमराज जोशी अनुपस्थित नरहेको अवस्थामा भत्ता वितरण गरेको असूल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

२१ **लघु उद्यम विकास प्रविधि हस्तान्तरण**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले देहाय अनुसार प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु. ३१,६१९।०० सम्बन्धित उद्यमीवाट असुल हुन बाँकी देखिन्छ । निर्देशिका अनुसार पालिकाबाट ८० प्रतिशत भुक्तानी गर्नुपर्नेमा शत प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम सम्वन्धित लघुउद्यमीबाट असुल गरी सघींय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| गो.भौ.नं मिति | आपुर्तिकर्ता | सामान लिने लघु उद्यमि | सामानको विवरण | खर्च रकम | २० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ११८।२०८१।१।१२ | वि.भि इम्पोटर अनामनगर | भु.पु सैनिक अर्गानिक कृषि उद्योग | सिस्नु पिस्ने मेशिन १ | १०६,०००। | २१,२०० |
|  | वि.भि इम्पोटर अनामनगर | शेर वहादुर कठायत | चुक प्याक गर्ने प्लाष्टिक | १७,५३९।०० | १०४१९ |
|  | वि.भि इम्पोटर अनामनगर | शेर वहादुर कठायत | चुक प्याक गर्ने सिसा जार | ३४,५६०।०० |  |
| जम्मा | | | | | ३१,६१९।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,६१९ |

२२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

राज्यको सक्रिय श्रमशक्तिलाई निर्वाह भत्ता दिनु भन्दा रोजगारीमा संलग्न गराई ज्याला भुक्तानी गर्ने विधि अन्तर्राष्ट्रिय प्रचलनमा रहेको सन्दर्भमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिम एक सय दिनको रोजगारी नपाएका वा एक सय दिन बराबरको आम्दानी गर्न नसकेका १८-५९ वर्ष उमेर समूहका नागरिकलाई एक सय दिनको रोजगारी प्रदान गर्ने उद्देश्यका साथ विश्व वैकंको सहुलियतपुर्ण ऋण सहयोगमामा प्रधानमन्त्री रोजगार कार्यक्रम पालिका मार्फत कार्यान्वियनमा रहेको छ। पालिकाले कुलो मर्मत र सरसफाई जस्ता कार्यक्रम सञ्चालनमा खर्च गरी रोजगार लगाएकोमा दिर्घकालिन तथा पूँजी निर्माण हुने योजनामा कार्यक्रम सञ्चालन हुनुपर्दछ । साथै रोजगार उपभोक्ता मार्फत पारिश्रमिक भुक्तानी भएकोमा निर्देशिका वमोजिम सम्वन्धित रोजगारदाताको खातामा रकम भुक्तानी हुनुपर्दछ ।

| कार्यक्रम | सुचिकृत रोजगार संख्या | रोजगार संख्या | न्युनतम रोजगारी अवधि | आयोजनाको कार्यक्षेत्र | आयोजनाको संख्या | कुल ज्याला भुक्तानी |
|---|---|---|---|---|---|---|
| रोजगारी प्रदान | १५०९ | १७६ | ३५-९८ दिन | सिचाँइ कुलो मर्मत र सरसफाई, गोरेटो वाटो मर्मत ,खानेपानी मर्मत लगायत | २४ | ५८१५६०८ |

२३ **खरिद व्यवस्थापन**

२३.१ खर्च संकेत बिपरित खर्च: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा विनियोजन ऐन तथा अन्य ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएका रकमहरू सोही शीर्षक तथा उपशीर्षकको सीमामा रहेको सुनिश्चित गरी कार्यालय प्रमुखले निर्दिष्ट प्रयोजनको लागि खर्च गर्नुपर्ने व्यबस्था रहेको छ । पालिकाले नियमावलीमा भएको व्यवस्था सुनिश्चित नगरी तथा एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ को खर्च संकेत वर्गिकरण र ब्याख्या विपरित देहाय बमोजिम खर्च गरेकोले नियमसम्मत देखिएन।

| गो.भौ.नं | कार्य | खर्च भएको शिर्षक | खर्च हुनुपर्ने शिर्षक | खर्च रकम |
|---|---|---|---|---|
| २०८१।२।२४-११८ | पूँजीगत शिर्षकबाट व्ल्याङ्केट, सिरक तथा डसना खरिद | ३११५९ | २२३११ | १,५१,९०० |
| २०८१।३।२४-१६७ | पूँजीगत शिर्षकबाट सञ्चार, मर्मत तथा भ्रमण खर्च | ३११५९ | २२६१२ | १,८२,२५७ |
| ४७८ -२०८१।०२।०७ | छपाई | २२३११ | २२३१५ | १०००००।०० |
| ५०२- २०८१।०२।१३ | भ्रमण खर्च | २२३११ | २२६१२ | २७००००।०० |
| ६२०- २०८१।०३।१६ | विपत् व्यवस्थापन कोष | ३११५९ | २७२१२ | १४२५४९।०० |
| ७५०- २०८१।३।२४ | विविध खर्च | २२३११ | २२७११ | ३९८०००।०० |
| २०८०।६।२९-३ | खाजा नास्ता | २२३११ | २२७११ | ६५,००० |
| जम्मा | | | | १३,०९,७०६ |

| | |
|---|---|
| अनियमित भएको | १३,०९,७०६ |

२३.२ सम्भाव्यता अध्ययन र डि.पि.आर: सार्वजनिक खरिद नियम, २०६४ को नियम १२ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष र यस बर्ष ६ वटा सम्भाव्यता अध्ययनमा रु.६९,००,०००।०० खर्च गरेको छ। यस्ता अध्ययन तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यालयले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न कार्यान्वयनमा आएको नदेखिएकोले उक्त खर्च नियमित हुनुपर्दछ।

| क्र.सं. | उपशिर्षकको नाम | परामर्शदाता र कार्य | लागत अनुमान | खरिद बिधि | | खर्च | | कार्यान्वयनमा गएको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सिलवन्दी दरभाउपत्रवाट सम्झौता रकम | सोझै वा आशयपत्रवाट सम्झौता रकम | गतवर्ष खर्च रकम | यसबर्ष खर्च रकम | गतवर्ष कार्यान्वयनमा गएको खर्च रकम | यस वर्ष कार्यान्वयनमा गएको खर्च रकम |
| १ | गाउँपालिका प्रशासकिय भवन डि.पि.आर. | टि.पि.एच. | २००००००/- | २००००००/- | | | २००००००/- | | कार्यान्वयन नभएको |
| २ | लाम्पाटा खेलमैदान डि.पि.आर. | सोभा ईन्जिनियरिङ्ग | १००००००/- | १००००००/- | | | १००००००/- | | कार्यान्वयन नभएको |
| ३ | तपोवन पर्यटकिय धार्मिक क्षेत्र निर्माण योजना डि.पि.आर. | | १२०००००/- | १२०००००/- | | १२००००० | | | कार्यान्वयन नभएको |
| ४ | बासुधारा भौराडि सिंचाई कुलो निर्माण योजना डि.पि.आर. | खप्तड निर्माण सेवा | ९०००००/- | ९०००००/- | | ९०००००/- | | | कार्यान्वयन नभएको |
| ५ | धामिगाउँ देखि स्लेट खानी बाडेगाउँ सडक डि.पि.आर. | ईम्बार्क | ८०००००/- | ८०००००/- | | ८०००००/- | | | कार्यान्वयन नभएको |
| ६ | १० शैया अस्पताल डि.पि.आर. | | १००००००/- | १००००००/- | | १०००००० | | | कार्यान्वयन नभएको |
| जम्मा | | | | | | ३९,००,००० | ३०,००,००० | | |

| | |
|---|---|
| अनियमित भएको | ३०,००,००० |

२३.३ **खरिदमा प्रतिस्पर्धा:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २ देखि ५० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकाशं योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न प्रणाली सुदृढ गरी न्यून मूल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भई कार्य भएका केही योजनाको विवरण निम्न वमोजिम छ ।

| ठेक्का नं | काम | निर्माण व्यवसायी | संझौता मिति | लागत अनुमान | कबोल रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| MRM-DWS-2080/81-01 | ठाना हुदै समदेउ मलारी एक घर एक धारा खानेपानी निर्माण योजना | लागा देवता निर्माण सेवा | २०८०।०६।२६ | ६७६७०२४.७१ | ३९८७९२९.६४/- | ४१% |
| MRM-DWS-2080/81-02 | खेतकोट उकाली धुरिल्ल तिनगाउँ एक घर एक धारा खानेपानी तथा सरसफाई योजना | मष्टा देब दर्शन प्रा.लि. | | ६१६५७११.५५/- | ५७६३८३०.९३/- | ७% |
| MRM-PICC-2080/81-03 | पनाछाल किनाडा सिंचाई कुलो निर्माण योजना | रकाल कन्ट्रक्सन | | १५४०९५८३.२२/- | ९१२१६४०८३/- | ४१% |
| MRM-ROD-2080/81-04 | ७ नं वडा कार्यालय कांडापानी हुदै तल्कोट जोड्ने सडक | मनिस निर्माण सेवा | २०८०।११।३० | ७६७९७२९.६१/- | ३९५९८६७.६६ | ४८% |
| MRM-PICC-2080/81-05 | पनाछाल किनाडा सिंचाई कुलो निर्माण योजना-२ | राजपाल निर्माण सेवा | २०८०।१२।१५ | ४७०४८१९.६८/- | २११२०८४.४४/- | ४९% |
| MRM-DWS-208081-06 | वडा नं-१ खानेपानी निर्माण योजना | लाँगा देवता निर्माण सेवा | २०८१।०३।०४ | २७१३५७३.३४/- | २६५५८०१.७२/- | २% |
| MRM-WOB-2078/79-04 | ५ नं वडा कार्यालय भवन निर्माण योजना | रकाल कन्ट्रक्सन | | १५४५५८२०.९१/- | ७६४२२००.००/- | ५०% |
| MRM-WOB-2078/79-05 | ६ नं. वडा कार्यालय भवन निर्माण योना | खप्तड निर्माण सेवा | | १५२६८६५२.८६/- | ७७६००७४.५१/- | ४९% |
| MRM-07/MTP-10/2077/78 | मालिका | खानी | २०७८।०६। | ५००००००.००/- | ४८१४२५७७.००/- | ४% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पर्यटकिय पार्क निर्माण योजना | थोडुङ्ग जागृति जे.भि. | १३ | | | |

२३.४ कन्टिन्जेन्सी खर्च - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मर्मतमा रु. ५,८६,०००।०० कार्यलय सञ्चालन तर्फ रु. ३,५९,६००।०० र अनुगमनमा रु. १०,७६,०००।०० गरी यस वर्ष रु. २० लाख २१ हजार ६०० कन्टिन्जेन्सी खर्च गरेको छ ।

| क्रस | कार्यक्रमको नाम | लागत अनुमान | कन्टिन्जेन्सी खर्च | | कन्टिन्जेन्सी खर्च शिर्षक | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत बर्ष सम्मको | चालु वर्षको | मस्टरोल | मर्मत | इन्धन | अनुगमन | कार्यालय सञ्चालन | अन्य |
| १ | गाउँपालिका पुँजिगत | १७७८९८८२ | ० | ५६६००० | | २६६००० | | ३००००० | | |
| २ | संघिय सरकारका योजनाहरु | ३७०००००० | ० | ११५५६०० | | ३२०००० | | ६७०००० | १६५६०० | |
| ३ | प्रदेशगत योजनाहरु | ९३००००० | ० | ३००००० | | | | १०६००० | १९४००० | |

• कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

• महालेखा नियन्त्रक कार्यालयले वि.सं. २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ को खर्च संकेत तथा वर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी, छपाइ, सूचना प्रकाशन, इन्धन दैनिक भत्ता जस्ता कार्यमा समेत सार्वजनिक निर्माण शीर्षकबाट रु. २०,२१,६०० खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन्।

• कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।

• पालिकाले कन्टिन्जेन्सी खर्च सम्वन्धमा कार्यविधि तयार गर्नुपर्नेमा कार्यविधि तयार देखिएन ।

## २४ उपभोक्ता समितिबाट खरिद

२४.१ हेभी इक्विपमेन्ट प्रयोग: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । सञ्चालित अधिकांश निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर,

एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई सहमति लिएको पाइएन ।

| गोभौ नं | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा खर्च |
|---|---|---|---|---|---|
| २०८०।६।२३-६ | खेतकोट देखि वडा कार्यालयसम्म सडक निर्माण | सडक निर्माण | १५,९५,४८८ | डोजर | ४,३१,६०० |
| २०८०।८। १५-१९ | मष्टा गा.पा. १,३देखि ७ सम्म सडक सफाई | सडक सुधार तथा मर्मत | ४२,५४,१८० | एक्साभेटर | ११,५९,२०० |
| २०८०।११। २९-४९ | खेतकोट देखि घचया सडक | सडक निर्माण | ११,८२,८३८ | एक्साभेटर | २,०९,१०० |
| २०८१।३। २४-१६२ | धौलागिरी कमेडिखाना पातालपानी डुड्डामाथि सडक | सडक निर्माण | ८,५४,८४७ | एक्साभेटर | २,६९,१९८ |
| २०८१।३। २४-१७८ | शारदा मा.वि.को फिल्ड निर्माण | फिल्ड निर्माण | ९,१९,१७० | जे.सि.भि | २,१६,००० |
| २०८०।११। ४-३० | द्वारी रिखाला सडक निर्माण उपभोक्ता समितिलाई | सडक निर्माण | ६४२८०१ | जे.सि.भि | |
| सडक बोर्ड विविध | | | | | |
| २०८१।८।२४-२ | बाडेगाउँ सडक मर्मत | सडक मर्मत | १९,८९,८२० | एक्साभेटर | ६,४५,००० |
| जम्मा | | | | | २९,३०,०९८ |

तसर्थ, नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२४.२ लागत अनुमान भन्दा फरक सामाग्री प्रयोग : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले देहायको निर्माण गर्दा ओ.पि.सी सिमेन्ट प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको र सोही आधारमा मूल्याङ्कन गरी भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेश गरेको विल भर्पाइ परीक्षण गर्दा बोरा पि.पि.सी सिमेन्ट प्रयोग गरेको पाइयो । ओ.पि.सी सिमेन्ट भन्दा पि.पि.सी सिमेन्टको जिल्ला दररेटमा प्रतिवोरा रु. १०० कम रहेकोले कम दररेटको सिमेन्ट प्रयोग गरी बढी दररेटवाट भुक्तानी भएको रकम असुल हुनुपर्ने रू.

| **गो.भौ.नं.** | **योजनाको नाम** | **परिमाण** | **बढी भुक्तानी** |
|---|---|---|---|
| २०८१।३।२४-१७८ | कैलाश आ.वि.को भवन निर्माण | ११५ | ११,५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५०० |

२४.३ नर्म्स भन्दा बढी भुक्तानी: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)ख बमोजिम सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताब मा उल्लेख भए बमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं २०८०।११।२९-५० मा स्कुल देखि नमासि खोला ग्याबिन बाटो निर्माण खेतकोट उपभोक्ता समितिलाई अन्तिम बिल भुक्तानी गर्दा बिल तथा मूल्याङ्कनमा १:३:६ पि.सि.सि बापत प्रति घ.मि. रु. १९,४९४.८२ का दरले भुक्तानी दिएकोमा दर विश्लेषण अनुसार प्रति घ.मि. रु. १९,०१४.४१ का दरले भुक्तानी दिनुपर्ने भएकाले प्रति घ.मि. रु. ४८०.४१ का दरले १०.८१ घ.मि. को बढी भुक्तानी भएको असूल गर्नुपर्ने

| असुल गर्नुपर्ने | ५,१९३ |
|---|---|

२४.४ **बहाल कर:** आयकर ऐन, २०५८ को दफा ८७ र ८९ मा भुक्तानीमा करकट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिम बहाल कर कट्टा गरेर कम दाखिला गरेको कर दाखिला गर्नुपर्ने रू.

| गो.भौ.नं | विवरण | कर कट्टा | दाखिला गरेको | दाखिला गर्नुपर्ने |
|---|---|---|---|---|
| २०८१।२।२४-११८ | मष्टा गा.पा. घेरबार तथा व्यवस्थापन | १७,००० | ७,३०० | ९,७०० |
| २०८१।३।१७-१३५ | मष्टा मन्दिर तथा सिढी निर्माण | ७२,००० | ४८,००० | २४,००० |
| जम्मा | | ८९,००० | ५५,३०० | ३३,७०० |

| असुल गर्नुपर्ने | ३३,७०० |
|---|---|

२४.५ **उपभोक्तासँग असम्बन्धित कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्तालाई प्रत्यक्ष लाभ हुने कार्य र मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्य उपभोक्ता समितिलाई दिन सकिने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य र उपभोक्तालाई प्रत्यक्ष लाभ नपुग्ने प्रकृतिका कार्य उपभोक्ता समितिहरु मार्फत देहाय बमोजिम गराएको छ । उल्लेखित उपभोक्ता सँग सिधै सरोकार नहुने र सरकारी भवन निर्माण सम्बन्धी कार्य अनुभवी व्यवसायीबाट प्रतिस्पर्धा गराई कार्य गर्न उपयुक्त हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ । तसर्थ, उक्त खर्च नियमित हुनुपर्दछ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १५९।२०८१।३।२३ | गाउँपालिका भवन निर्माण उपभोक्ता समिति | मष्टा गाउँपालिका भवन लाईबेरीहल निर्माण | ६,८७,९९५।०० |
| ११८।२०८१।२।२४ | मष्टा गाउँपालिका घेरबार तथा व्यवस्थापन समिति | मष्टा गा पा घेरबार तथा व्यवस्थापन (फिल्ड शौचालय रङरोगन ) सम्पन्न | १६,६०,१८२।०० |
| ११४।२०८१।२।२२ | मष्टासभाहल गा.पा कार्यालय नि. उ स | मष्टा गा पा सभा हल निर्माण योजनाको अन्तिम किस्ता रकम | १०,१७,१४६।०० |
| १११।२०८१।२।९ | वडा कार्यालय खानेपानी उ स | वडा न ५ को वडा कार्यालय र स्वास्थ्यको खानेपानी निर्माण बाफतको लागि उक्त उ स लाई भुक्तानी | २,८३,७८९।०० |
| ५१।२०८०।११।३० | वडाकार्यालय फिल्ड निर्माण ५ | वडा न ५ को वडा कार्यालय फिल्ड निर्माण बाफतको लागि उक्त उ स को पे.फ सहित बाकि रकम भुक्तानी। | ९,६०,०००।०० |
| | जम्मा | | ४६,०९,११२ |

| अनियमित भएको | ४६,०९,११२ |
|---|---|

२५ **स्थानीय तहभित्र भ्रमण भत्ताः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) मा आफ्नो स्थानीय तह भन्दा बाहिर भ्रमण गरेमा मात्र तोकिएको दैनिक भ्रमण भत्ता पाउने उल्लेख छ । पालिकाले देहाय बमोजिमका पदाधिकारीलाई आफ्नै स्थानीय तहभित्र भ्रमण गर्दासमेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोले भुक्तानी दिन नमिल्ने देखिएकोले असुल गर्नुपर्ने रु.

| गो भौ नं मिति | पदाधिकारीको नाम थर | भ्रमण स्थान | भ्रमण उद्धेश्य | अवधि | रकम |
|---|---|---|---|---|---|
| ५०२ -२०८१।०२।१३ | हरिना कामी (वडा सदस्य) | वडा नं. ५, ६, ७ | अनुगमन | २०८०।१०।२१-१०।२७ | ९७५०।०० |
| | इश्वर बहादुर कठायत (वडा सदस्य) | वडा नं. ६, ७ | अनुगमन | २०८०।१०।२१-१०।२७ | ९७५०।०० |
| | शंकर बहादुर धामी (वडा सदस्य) | वडा नं. ५, ६, ७ | अनुगमन | २०८०।११।१८-११।२४ | ९७५०।०० |
| ४३८-२०८१।०१।२१ | ज्ञान बहादुर बोहरा (गा पा अध्यक्ष) | वडा नं. १, ७ | अनुगमन | २०८०।१२।०२-१२।०९ | १२५००।०० |
| | हर्क धामी (उपाध्यक्ष) | वडा नं १ ७ | अनुगमन | २०८०।१२।०२-१२।०९ | ११८७५।०० |
| ३२०-२०८०।११।३० | धन बहादुर जेठारा (वडा अध्यक्ष) | वडाहरु | अनुगमन | २०८०।९।३-०९।०९ | ९२५०।०० |
| | धन बहादुर जेठारा (वडा अध्यक्ष) | वडाहरु | अनुगमन | २०८०।९।३-०९।०९ | ९२५०।०० |
| | धन बहादुर जेठारा (वडा अध्यक्ष) | वडाहरु | अनुगमन | २०८०।९।३-०९।०९ | ९२५०।०० |
| जम्मा | | | | | ८१,३७५।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८१,३७५ |

२६ **स्थानीय भत्ताः**

नेपाल सरकार मन्त्रिपरिषदको २०७१।३।२९ को निर्णय तथा अर्थ मन्त्रालयको मिति २०७१।४।२ को नयाँ तलवमान, सुविधा सम्वन्धमा गरेको परिपत्रको बुँदा नं २ ख मा स्थानिय स्तरमा स्थानिय निकाय तथा समितिद्धारा नियुक्ति भई सोहि स्थानमा काम गर्ने कर्मचारीले स्थानिय भत्ता नपाउने तर क र ख वर्गका जिल्लामा काम गर्ने कर्मचारीहरुलाई भने तोकिएको दरको ५० प्रतिशतले स्थानीय भत्ता दिन सकिने व्यवस्था छ। पालिकाले अस्थायी तथा करार नियुक्त गरेका कर्मचारीहरुलाई तोकिएको दरको ५० प्रतिशत स्थानीय भत्ता भुक्तानी गर्नुपर्नेमा शत प्रतिशत नै भुक्तानी गरेको मन्त्रिपरिषदको निर्णय विपरित देखिएकोले सम्बन्धित कर्मचारीहरुबाट ५० प्रतिशत भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| **नाम।थर** | **श्रेणी।पद** | **भुक्तानी भएको रकम** | **५० प्रतिशतले हुने रकम** | **बढी भुक्तानी** | **महिना** | **जम्मा असुल रकम** |
|---|---|---|---|---|---|---|
| कित्थबिर ढ्वाल | कार्यालय सहयोगी | ४५००।०० | २२५० | २२५० | १२ | २७०००।०० |
| गोर्ख बहादुर जेठारा | कार्यालय सहयोगी | ४५००।०० | २२५० | २२५० | १२ | २७०००।०० |
| बने खड्का | कार्यालय सहयोगी | ४५००।०० | २२५० | २२५० | १२ | २७०००।०० |
| जम्मा | | | | | | ८१०००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८१,००० |

२७ **इन्धन खर्चः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा अध्यक्षको सवारी साधनलाई मासिक १७० लिटर इन्धन, उपाध्यक्षले मासिक १५० लिटर इन्धन र वडाध्यक्षलाई मासिक २५ लिटर सवारी इन्धन पाउने व्यबस्था छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्न सकिने व्यवस्था छ। यस पालिकामा पदाधिकारी को लागी १ वटा हलुका सवारी साधन ,कार्यालयको प्रयोजनमा १ भाडाको सवारी साधन र ११ मोटरसाइकल प्रयोग भएको समेत देखिएको छ। पालिकाको कार्यालय प्रयोजनको लागी यस वर्ष इन्धन (कार्यालय प्रयोजन) मा रु. १७,४९,१२७।०० वजेट खर्च गरेकोमा सवारी साधनको प्रयोगको विश्लेषण गर्दा देहाय वमोजिम कार्यालय प्रयोजनमा रु.

६,२४,६७०।९८वढी इन्धन खर्च गरेको देखिएको छ । पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन र कार्यालयको हकमा अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड भित्र रहि इन्धन खर्च गरिनुपर्दछ ।

| सवारी साधनको बिबरण तथा संख्या र इन्धनको किसिम | इन्धन (कार्यालय प्रयोजन) | | |
|---|---|---|---|
| | मापदण्ड वमोजिम वार्षिक इन्धन हुने परिमाण | औसत दर | बार्षिक रकम |
| कार्यलय भाडामा १ | १*१००*१२ | १७०।०७ | २०४०८४।०० |
| मोटरसाइकल | ११*१०*१२ | १७०।०७ | २२४४९२।०२ |
| जे सि वी | १*९००*५ | १५४।६४ | ६९५८८०।०० |
| जम्मा | | | ११२४४५६।०२ |
| वजेट खर्च | | | १७४९१२७।०० |
| दायित्व सृजना | | | ० |
| बढी खर्च | | | ६,२४,६७०।९८ |

२८ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली, २०६४को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज, खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई कुल विनियोजन भएको रु. ८०,४८,०००।०० मध्ये रु. ७६,८६,५३८।०० लागत अनुमान तयारी वेगर खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको व्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ । यस सम्वन्धमा केही उदाहरणहरुः

| सि.नं. | भौ.नं. मिति | आपुर्तिकर्ता | प्रयोजन | खर्च रकम |
|---|---|---|---|---|
| १ | ४६-२०८०।६।२३ | कृतिक ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द सामाग्री | ४९४६५०।०० |
| २ | ४७-२०८०।६।२३ | गडतोला ट्रेडर्स | कार्यालय सामग्री | १३२५००।०० |
| ३ | ४८-२०८०।६।२३ | एस के ट्रेडर्स एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ३५२८९९।०० |
| ४ | ५१-२०८०।६।२३ | सारिका व्याग हाउस | सामान खरिद | १९११७३।०० |
| ५ | १६१-२०८०।८।१८ | सारिका व्याग हाउस | सामान खरिद | ९७६८७।०० |
| ६ | ५८-२०८०।६।२३ | दुर्गा जनरल स्टोर एण्ड अर्डर सप्लायर्स | सामान खरिद | १७४२४६।०० |
| ७ | ६१-२०८०।६।२६ | दुर्गा जनरल स्टोर एण्ड अर्डर सप्लायर्स | सामान खरिद | २५४५८९।०० |
| ८ | ४७८- २०८१।०२।०७ | दुर्गा जनरल स्टोर एण्ड अर्डर सप्लायर्स | कार्यालय सामान | ४१२३१३।०० |
| ९ | ७५०-२०८१।३।२४ | दुर्गा जनरल स्टोर एण्ड अर्डर सप्लायर्स | कार्यालय सामान | ४७४०००।०० |
| ९ | ६०- २०८०।६।२६ | पूवार हार्डवयर एण्ड सप्लायर्स | सामान खरिद | ३७९५७८।०० |
| १० | ६०- २०८०।६।२६ | पूवार हार्डवयर एण्ड सप्लायर्स | सामान खरिद | २३२८८०।०० |
| ११ | १५४- २०८०।८।१८ | महिमान व्यासी नौलो पसल | सामान खरिद | ११५९५०।०० |

२९ **दैनिक भ्रमण भत्ताः**

भ्रमण खर्च नियमावली, २०६४ मा कुनै कर्मचारीलाई भ्रमणमा खटाउँदा भ्रमणको उद्देश्य उल्लेख गर्नुपर्ने भ्रमणबाट फर्केपछि उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धी समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र भ्रमण गर्ने कर्मचारीको अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने व्यवस्था छ। साथै भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । यस वर्षपालिकाले भ्रमण खर्च र अनुगमन मूल्याङ्कन शिर्षकमा रु. ८०,१८,५६१।०० खर्च गरेको देखियो। कार्यालयले भ्रमण अभिलेख खाता पुर्ण रुपमा राखेको छैन । यो वर्ष के कति कर्मचारीलाई के कति वटा भ्रमण आदेश जारी भएको थियो भनि यकिन गर्ने स्थिती देखिएन र भ्रमणको उद्देश्य अनुरुप कार्यसम्पादन गरेको प्रमाणित हुने कागजात सहित भ्रमणको उपलब्धि समेत उल्लेख गरी भ्रमण प्रतिवेदन पेश भएको देखिएन । भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन अनिवार्य राख्नु पर्दछ ।

३० **स्थानीय भत्ता कट्टा गर्नुपर्नेः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ । पालिकाले विभिन्न स्थानमा कर्मचारी तथा पदाधिकारी भ्रमणमा गएको समयमा पनि स्थानीय भत्ता उपलब्ध गराएकाले उक्त रकम असूल गर्नुपर्ने

| गो.भौ.नं | नाम | रकम |
|---|---|---|
| **गाउँपालिका चालु** | | |
| २०८१।२।७-४८१ | विरेन्द्र खड्का | ४५९३ |
| २०८१।३।१८-६३४ | विरेन्द्र खड्का | ३०६२ |
| २०८१।३।२१-६७८ | चक्र बहादुर रोकाया | ७६५५ |
| २०८१।३।२३-७१८ | हर्केश बहादुर कठायत | ३०६२ |
| संघीय चालु | | |
| २०८१।२।१३-१५७ | विर बहादुर जेठारा | १५३१ |
| जम्मा | | १९९०३।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,९०३ |

३१ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले पुँजीगत तथा चालु वजेट शीर्षकमा रकम विनियोजन गरी वितरणमुखि कार्यमा देहाय वमोजिम खर्च गरेको छ । पालिकाले संकलन गर्नुपर्ने राजस्व संकलन न्युन रहेको र संघ तथा प्रदेश माथि बजेट तथा अनुदानका लागि पुर्ण निर्भर रहेको अवस्थामा वित्तीय समानीकरणबाट प्राप्त रकम सार्वजनिक सेवा, जनजिविका र विकास निर्माणका कार्यमा खर्च गर्नुपर्नेमा यस्ता किसिमका अनुत्पादक तथा वितरणमुखी काममा खर्च गर्नु उचित देखिंदैन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **गो भौ नं** | **भुक्तानी पाउने व्यक्ति/संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| १२९-२०८०।८।१३ | वडा स्तरीय महिला सञ्जाल, वडा नं ३ | तिज विशेष कार्यक्रम | २००००।०० |
| १३४-२०८०।८।१३ | वडा स्तरीय महिला सञ्जाल, वडा नं ४ | तिज विशेष कार्यक्रम | २००००।०० |
| २८३-२०८०।८।१३ | वडा स्तरीय महिला सञ्जाल, वडा नं १ | तिज विशेष कार्यक्रम | ३००००।०० |
| ४९०-२०८१।०२।०९ | प्रगतिशील महिला सञ्जाल , वडा नं ७ | तिज विशेष कार्यक्रम | २००००।०० |
| १६८-२०८०।८।१९ | सुर्य प्रकाश जोशी | सिउरोमेला व्यवस्थापन | १५८०००।०० |
| २३४-२०८०।१०।१४ | सुरज वि क | सिउरोमेला व्यवस्थापन | ८५०००।०० |
| ५२५-२०८१।८।१३ | शंकरलाल धामी | ढडार मष्टा मेला व्यवस्थापन | ७५०००।०० |
| ७०७-२०८१।३।२३ | विभिन्न व्यक्तिहरु | विद्युतीय चुल्हो वितरण कार्यक्रम | १०००००।०० |
| ५५६-२०८१।०३।३ | हर्केश बहादुर कठायत | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १७७५००।०० |
| | | मष्टा पुजा कार्यक्रम | १५००००।०० |

३२ **दोहोरो भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। साथै भ्रमण खर्च नियमावली, २०६४ मा गलत

कागजात पेश गरी भ्रमण भत्ता लिएकोमा शतप्रतिशत जरिवाना समेत गर्ने व्यवस्था छ । देहायको दैनिक भ्रमण भत्ता दोहोरो भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **भौ।नं।मिति** | **नाम।थर** | **अवधि** | **रकम** | **दोहोरो परेको रकम** |
|---|---|---|---|---|
| ९७- २०८०।७।२५ | अमर बहादुर जेठारा | २०८०।६।१९ देखि ६।२५ सम्म | १२६००।०० | ८०००।०० |
| | | २०८०।६।१७ देखि ६।२३ | १३४००।०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,००० |

३३ **घरभाडाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ मा सार्वजनिक निकायले घरभाडा लिनुपर्दा घरजग्गा भाडा निर्धारण समितिले भाडामा लिने घरजग्गाको भाडा निर्धारण गरेपछि सोको लिखित जानकारी लिएर घरधनिसँग सम्झौता गरी घरभाडामा लिनुपर्ने व्यबस्था छ। पालिकाले घरजग्गा भाडा निर्धारण समितिवाट घरजग्गाको भाडा निर्धारण नगरी विगत वर्षदेखिनै घरभाडा भुक्तानी गर्दै आएको छ। यस वर्षमा घरभाडाको लागी रु. १०,९४,००० बजेट विनियोजन भएकोमा विभिन्न प्रयोजनको लागी रु. ९,८७,१०० घरभाडा भुक्तानी भएको छ । खरिद कानुनको पालना गरी यस्तो कार्य नियन्त्रण गरिनुपर्दछ ।

३४ **बहाल करः**

२०८१।३।९-२२।२३ गाउँपालिका र हेफर नेपाल बीच सम्झौता गरेकोमा देहायबमोजिम व्यहोरा रहेको देखिन्छ।

भौचर नं JV 2407800015 बाट Training Stakeholders तालिम Santara Bardiya Adventure Resort वर्दिया मा सञ्चालन गरेर रु २,३८,०९१ भुक्तानी कार्यालयका हिसाबले मितव्ययी नभएको देखिन्छ । तसर्थ कार्यालयमा मितव्ययी तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।त्यस्तै भौचर नं JV2407800063 मा कर्मचारीको बर्दियामा तालिम बाफतको यातायात भुक्तानी गर्दा बहालकर कट्टा नभएकाले असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३८० |

३५ **बढी भत्ता भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा विभिन्न समयमा सञ्चालन भएका बैठकमा उपस्थिति भन्दा बढी भत्ता वितरण गरेकाले बढी वितरण भएको भत्ता असूल गर्नुपर्ने रू.

| गो.भौ.नं | विवरण | नाम | रकम |
|---|---|---|---|
| संघीय चालु | | | |
| २०८१।३।७-२०२ | खाद्य तथा सुरक्षा निर्देशिका समिति | विपना बोहरा जेठारा | २०००।०० |
| जम्मा | | | २०००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००० |

३६ **कार्यविधि बेगर बैठक भत्ता भुक्तानीः**

२०८१।२।९-४९२अर्थ मंत्रालय बजेट कार्य संचालन निर्देशिका, २०७७ को बुँदा ७को खर्चमा मितव्ययिता कायम गर्ने अन्य व्यवस्थामा कानुन ५.१ बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकको मात्र बैठक भत्ता उपलब्ध गराइने, एउटै निकाय र अन्तर्गतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि बैठक भत्ता उपलब्ध नगराइने उल्लेख गरेको छ । अपाङ्ग समन्वय समितिको कार्यविधि नवनाएर वैठक भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३४,००० |

३७ **गरीबी निवारण कार्यक्रमः**

मष्टा गाउँपालिकाले गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र बीचको सहकार्यमा गरिबी निवारणका बहुवर्षियपरियोजना मष्टा गाउँपालिकाको वडा नं १देखि ७ मा सञ्चालन गर्ने उद्देश्यले प्रतिस्पर्धाको माध्यमवाट हेफर प्रोजेक्ट नेपाल छनौट भई सम्झौताको अवधि २०८० पौष २५ गते देखि २०८३ असार ३० गते सम्म रहने गरी कुल रकम रु. ३,४२,८५,७१५।०० जसमा पालिकाको रु. २,४०,००,०००।०० (७०प्रतिशत) र हेफर नेपालको रु. १,०२,८५.७१५।०० (३० प्रतिशत) हुनेगरी मिति २०८०/०९/२५ गते सम्झौता गरिएकोमा यस वर्ष गाउँपालिका र प्रदेश सरकारबाट रु. ५६,७८,९९१।१८ र हेफर प्रोजेक्ट नेपालबाट रु. १६,२९,१५३ गरी रु. ७३,०८,१४४।१८ खर्च भएको छ।पालिकाले कुल रकमको ७० प्रतिशत रु. ५१,१५,७००।९० हुनुपर्नेमा रु. ५६,७८,९९१।१८ खर्च भएकोले बढी खर्च भएको रकम हिसाव मिलान गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६३,२९० |

३८ **पाम्समा जिन्सी दाखिलाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२,४९५,३६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३९ **भुक्तानी दिन बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानी दिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने उल्लेख छ। पालिकाले देहाय ब्यक्तिलाई गत वर्षको घरभाडा भुक्तानी दिन बाँकीको विवरण नराखी भुक्तानी गरेको देखिदा अनियमित देखिएको रु.

| **भौ नं** | **भुक्तानी लिने** | **विबरण** | **कर कट्टी पछिको भुक्तानी** |
|---|---|---|---|
| १४३। २०८०।८।१४ | घरधनि लक्ष्मी देवी बानियालाई | आ।ब।२०७९।०८० को | ५६,७०० ।०० |
| १४२। २०८०।८।१४ | अमर बहादुर जेठारालाई | गत आ।ब।को ८ महिनाको | २०,०००।०० |
| जम्मा | | | ७७,६००।०० |

| | |
|---|---|
| अनियमित भएको | ७७,६०० |

४० **सामाजिक सुरक्षा**

४०.१ सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम जेष्ठ नागरिक, आर्थिक रुपले बिपन्न, अशक्त तथा असहाय अवस्थामा रहेका व्यक्ती, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने लोपोन्मुख जातीलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार हुने व्यबस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण कार्यविधि, २०७७ वमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र नवीकरण गरि प्रथम, द्बितिय, तृतिय र चौथो किस्ता गरि जम्मा रु. ७,६२,२३,५८२.७१ बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

४०.२ **निरीक्षण** -सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, बिभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत वनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यबस्था छ ।

सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिबेदन दिएको देखिएन । कार्यविधिले तोके बमोजिम अनुगमन प्रतिबेदन लिई प्रतिबेदनको उचित कार्यान्वयन गर्नुपर्दछ।

४०.३ **पारदर्शिता-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम दर्ता र नवीकरण प्रक्रिया ,भत्ताको दर प्राप्त हुने बैकं, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्न र सो सम्बम्धी सुचना स्थानिय एफ. एम लगायत संचार माध्यमहरुबाट प्रचारप्रसार गर्न र स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने ब्यक्तिको नामावली स्थानीय तहले वडा कार्यालयमा सार्वजनिक गरी आफ्नो वेवसाईटमा राख्ने व्यबस्था रहेकोमा सो बमोजिम पारदर्शिता कायम गरेको देखिएन।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मष्टा गाउँपालिका, बझाङ , मस्ता गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ramesh kumar khadka | २०८१-४-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Gagan Bahadur Gurdhami | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २९१,८६० | ९,८१२,५१४ | ५,७२५,१७४.९२ | ० | ० | २७५,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,१०४,५४८.९२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्योट गरी संपरीक्षण भएको रकम रु.** | २,४९५,३६९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १३,६०९,१७९.९२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७६२७७६१.८८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०९०३२४७३.५९ | चालु खर्च | २९४००६३६७.३९ |
| प्रदेश सरकारबाट अनुदान | २५७५६००० | पूँजीगत खर्च | १०५६६२४३६ |
| राजश्व बाँडफाँट | ६६१०८४२३ | वित्तीय/अन्य व्यवस्था | १३३४०३०११.१६ |
| आन्तरिक आय | १७७५७२६.० | | |
| अन्य आय | १३४१८८६०४.६८ | | |
| कुल आय | ५३६८६१२२७.२७ | कुल खर्च | ५३३०७१८१४.५५ |
| बाँकी मौज्दात | | ११४१७१७४.६ | |